नेपाल सरकार

रक्षा मन्त्रालय

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि **"राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सर्वसाधारणको राय सुझावको लागि देहायको विवरण सहित प्रकाशन गरिएको छ।

| विधेयक तर्जुमा गर्नु पर्नाको कारण र विभिन्न क्षेत्रमा पर्न सक्ने प्रभाव/सहयोग | विवरण |
|---|---|
| विधेयक तर्जुमा गर्नु पर्नाको कारण | शिक्षण संस्थामा अध्ययनरत छात्रछात्रामा देश प्रेम, राष्ट्र र राष्ट्रिय मूल्य मान्यताप्रति सम्मान र गौरवबोधको भावना जागृत गराई देश र जनताप्रति सेवाभाव विकास गर्दै राष्ट्रिय आवश्यकता अनुरूप राष्ट्रको सेवा गर्न योग्य, अनुशासित र बफादार नागरिक तयार गरी नेतृत्व क्षमता विकास गर्न तथा विशेष परिस्थितिमा स्वयंसेवकको रूपमा परिचालन गर्नको लागि सक्षम जनशक्ति तयार गर्न राष्ट्रिय सेवा दलको तालिम सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नु परेकोले यो विधेयक तर्जुमा गरिएको,<br>दफा ६ को उपदफा (२) को खण्ड (क) |
| विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव | यो विधेयकको व्यवस्थाबाट नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ४८ मा उल्लिखित राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानूनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्ने, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने जस्ता नागरिकका कर्तव्यको पालना हुने,<br>दफा ६(२) (ख) |
| विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव | हाल राष्ट्रिय सेवा दल ऐन, २०२७ अन्तर्गत राष्ट्रिय सेवा दलको गठन भई सो दलले काम गरिरहेकोले नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने,<br>दफा ६ (२) (ग) |
| विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोग | सेवा दलको तालिम प्राप्त गरे पश्चात विकास निर्माण कार्यमा सहयोग पुऱ्याउनसक्ने स्वयंसेवक समूह तयार हुने, विशेष परिस्थितिमा स्वयंसेवकको रूपमा परिचालन हुनसक्ने जनशक्ति तयार हुने, राष्ट्रिय मूल्य-मान्यता, मौलिक सभ्यता, परम्परा, संस्कृतिप्रति गौरवबोध गराई साँस्कृतिक सद्भाव |

| | |
|---|---|
| | र राष्ट्रिय एकताको भावनाको विकास हुने भएकोले यसबाट नेपालको दिगो विकास लक्ष्य हासिल गर्न सकारात्मक योगदान पुग्ने, <br>दफा ६ (२) (घ) |
| विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव | विधेयकको व्यवस्थाले सुशासन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको, <br>दफा ६ (२) (ङ) |
| विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग | विधेयकको व्यवस्थाबाट देश प्रेम, राष्ट्र र राष्ट्रिय मूल्य मान्यताप्रति सम्मान र गौरवबोधको भावना जागृत हुने तथा राष्ट्रिय आवश्यकता अनुरूप राष्ट्रको सेवा गर्न योग्य, अनुशासित र बफादार नागरिक तयार हुनेभएकोले त्यस्ता जनशक्तिबाट जलवायु अनुकूलनमा सहयोग पुग्ने अपेक्षा गरिएको। <br>दफा ६ (२) (च) |

- शिक्षण संस्थामा अध्ययनरत छात्रछात्रामा देश प्रेम, राष्ट्र र राष्ट्रिय मूल्य मान्यताप्रति सम्मान र गौरवबोधको भावना जागृत गराई देश र जनताप्रति सेवाभाव विकास गर्दै राष्ट्रिय आवश्यकता अनुरूप राष्ट्रको सेवा गर्न योग्य, अनुशासित र बफादार नागरिक तयार गरी नेतृत्व क्षमता विकास गर्न तथा विशेष परिस्थितिमा स्वयंसेवकको रूपमा परिचालन गर्नको लागि सक्षम जनशक्ति तयार गर्न राष्ट्रिय सेवा दलको तालिम सञ्चालन राष्ट्रिय सेवा दल सम्बन्धी विधेयकको मस्यौदा गरिएको हुँदा विधेयकलाई थप परिमार्जन गर्न नेपाली सेना, सेवा दलमा आबद्ध क्याडेट तथा नेशनल क्याडेट कोर अल्मुनाई तथा यस क्षेत्रका विज्ञहरूका साथै सरोकारवाला र सर्वसाधारणको महत्त्वपूर्ण राय/सुझावको अपेक्षा सहित यो सूचना प्रकाशन गरिएको,
- विधेयकमा राय, सुझाव र परामर्श दिन चाहने व्यक्ति वा संस्थाले २०८२ ज्येष्ठ १८ गतेभित्र आफ्नो राय, सुझाव र परामर्श यस मन्त्रालयको कानून महाशाखा वा कानून तथा फैसला कार्यान्वयन शाखाको इमेल ठेगाना legal@mod.gov.np मा पठाउनु हुन अनुरोध छ।

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

# राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः शिक्षण संस्थामा अध्ययनरत छात्रछात्रामा देश प्रेम, राष्ट्र र राष्ट्रिय मूल्य मान्यताप्रति सम्मान र गौरवबोधको भावना जागृत गराई देश र जनताप्रति सेवाभाव विकास गर्दै राष्ट्रिय आवश्यकता अनुरूप राष्ट्रको सेवा गर्न योग्य, अनुशासित र बफादार नागरिक तयार गरी नेतृत्व क्षमता विकास गर्न तथा विशेष परिस्थितिमा स्वयंसेवकको रूपमा परिचालन गर्नको लागि सक्षम जनशक्ति तयार गर्न राष्ट्रिय सेवा दलको तालिम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्रिय सेवा दल ऐन, २०८२" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्य सुरक्षा निकाय" भन्नाले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्झनुपर्छ।

(ख) "अल्मुनाई" भन्नाले दफा १८ बमोजिम गठन भएको नेशनल क्याडेट कोर (एनसिसि) अल्मुनाई एशोसियसन नेपाल सम्झनु पर्छ।

(ग) "क्याडेट" भन्नाले राष्ट्रिय सेवा दलको तालिममा सहभागी हुन छनोट भएका वा तालिमरत विद्यार्थी सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले रक्षा मन्त्रालय सम्झनुपर्छ।

(ङ) "महानिर्देशक" भन्नाले दफा ८ बमोजिमको महानिर्देशक सम्झनुपर्छ।

(च) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा सञ्चालन भएको सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले दफा ७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ज) "विशेष परिस्थिति" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक विपद तथा आकस्मिक वा अप्रत्याशित विशेष कारणबाट सृजित परिस्थिति सम्झनुपर्छ।

(झ) "प्रशिक्षक" भन्नाले राष्ट्रिय सेवा दलको तालिम सञ्चालन गर्ने कार्यको लागि खटिएका सैनिक तथा गैरसैनिक व्यक्ति सम्झनुपर्छ।

(ञ) "शिक्षालय" भन्नाले राष्ट्रिय सेवा दलको तालिम सञ्चालन गर्नको लागि स्थापना भएको शिक्षालय सम्झनुपर्छ।

(ट) "सेवा दल" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय सेवा दल सम्झनुपर्छ।

३. राष्ट्रिय सेवा दल रहनेः (१) आधारभूत वा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई राष्ट्र र जनताप्रतिको सेवाभाव विकास गर्न योग्य, अनुशासित र बफादार नागरिक तयार गरी स्वयंसेवकको रूपमा सहभागी गराउन सक्षम जनशक्ति तयार गर्ने प्रयोजनका लागि तालिम प्रदान गर्न एक राष्ट्रिय सेवा दल रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले राष्ट्रिय आवश्यकता अनुसार जुनसुकै तहमा अध्ययनरत छात्रछात्रालाई सेवा दलको तालिम दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको राष्ट्रिय सेवा दललाई अङ्ग्रेजीमा नेशनल क्याडेट कोर (एनसिसि) भनिनेछ।

नेपाल सरकार
रक्षा मन्त्रालय

(४) सेवा दलको मुख्यालय काठमाडौं उपत्यकामा रहनेछ। सेवा दलले आवश्यकता अनुसार देशका विभिन्न स्थानमा कार्यालय स्थापना गर्न सक्नेछ।

४. <u>सेवा दलको काम, कर्तव्य र अधिकारः</u> (१) सेवा दलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा दलको तालिम सञ्चालन गर्ने,
(ख) सेवा दलको तालिम सञ्चालन गर्न आवश्यक पाठ्यक्रम तयार गर्ने,
(ग) सेवा दलको तालिमको लागि शैक्षिक संस्था छनोटको आधार तय गर्ने,
(घ) सेवा दलको तालिममा सहभागी हुने छात्रछात्राको छनोट गर्ने,
(ङ) सेवा दलको तालिम सञ्चालनको लागि वार्षिक क्यालेण्डर तयार गर्ने,
(च) स्वदेश तथा विदेशमा हुने युवा आदान प्रदानको समन्वय र व्यवस्थापन गर्ने,
(छ) सेवा दलबाट दीक्षित छात्रछात्राको एकीकृत अभिलेख तयार गर्ने,
(ज) दीक्षित छात्रछात्रालाई विशेष परिस्थितिमा परिचालन गर्न आवश्यक कार्य गर्ने,
(झ) निर्देशक समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

(२) सेवा दलले सञ्चालन गर्ने तालिममा देहायका विषयलाई समावेश गरिनेछः-

(क) विद्यार्थीलाई अनुशासित, बफादार, इमान्दार, स्वाभिमानी बनाउँदै राष्ट्रप्रेम, जनताप्रति सेवाभाव तथा राष्ट्रिय एकताको भावना जागृत गराउने र नेतृत्व क्षमताको विकास गराउने,
(ख) विकास निर्माण कार्यमा सहयोग पुऱ्याउन सक्ने स्वयंसेवक समूह तयार गर्ने,
(ग) विशेष परिस्थितिमा स्वयंसेवकको रूपमा परिचालन हुनसक्ने जनशक्ति तयार गर्ने,
(घ) नेपाली सेना, अन्य सुरक्षा निकाय, नेपाल सरकारका विभिन्न सेवाका लागि उच्च मनोबल सहितको मानवस्रोत तयार गर्न मद्दत पुऱ्याउने,
(ङ) क्याडेटमा राष्ट्रिय मूल्य-मान्यता, मौलिक सभ्यता, परम्परा, संस्कृतिप्रति गौरवबोध गराई सांस्कृतिक सद्भाव र राष्ट्रिय एकताको भावनाको विकास गराउने,
(च) क्याडेटमा प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सदुपयोग तथा पर्यावरण संरक्षण गर्ने भावनाको विकास गराउने,
(छ) सेवा दललाई स्थानीय स्तरसम्म विस्तार गर्दै स्वयंसेवी भावनाले राष्ट्रप्रति समर्पित सक्षम नागरिकको विकास गर्ने,

(३) सेवा दलले सञ्चालन गर्ने तालिमका लागि आवश्यक अन्य विषय समितिले तोक्न सक्नेछ।

५. <u>संगठन संरचनाः</u> (१) सेवा दलको संगठन संरचना र दरबन्दी मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा दललाई थप जनशक्ति आवश्यक पर्ने भएमा नेपाल सरकारले नेपाली सेना, नेपाल सरकारको निजामती तथा अन्य सेवाबाट समेत काजमा खटाउन सक्नेछ।

(३) सेवा दलको तालिम अवधिभरको लागि आवश्यक पर्ने प्रशिक्षक नेपाली सेनाका बहालवाला सैनिकबाट खटाइनेछ।

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

(४) उपदफा (३) बमोजिम प्रशिक्षक खटाउन नसकिएमा तालिम अवधिभरको लागि नेपाली सेनाबाट अवकाश प्राप्त व्यक्ति, सेवा दलको तालिम प्राप्त गरेका पूर्व क्याडेट वा अन्य व्यक्तिलाई प्रशिक्षणको लागि करारमा नियुक्त गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम नियुक्त भएका प्रशिक्षकले समितिले तोकेको ढाँचामा शपथ लिनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम करारमा नियुक्त हुनको लागि आवश्यक योग्यता, नियुक्ति प्रक्रिया र सेवा सुविधा समितिले तोके बमोजिम हुनेछ।

६. <u>सेवा दलको संरक्षक:</u> प्रधानमन्त्री सेवा दलको प्रमुख संरक्षक र रक्षा मन्त्री संरक्षक हुनेछ ।

७. <u>निर्देशक समिति</u>: (१) सेवा दलको सञ्चालन सम्बन्धमा नीतिगत विषयमा निर्णय गर्न तथा अन्य विषयमा आवश्यक निर्देशन दिन देहाय बमोजिम एक निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, रक्षा मन्त्रालय | - अध्यक्ष |
| (ख) | प्रधान सेनापति, नेपाली सेना | - सदस्य |
| (ग) | सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, शिक्षा मन्त्रालय | - सदस्य |
| (च) | बलाध्यक्ष, नेपाली सेना | - सदस्य |
| (छ) | महानिर्देशक, सेवा दल | - सदस्य-सचिव |

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा दलको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

(ख) सेवा दलको तालिममा रहने पाठ्यक्रम र प्रशिक्षण विधि स्वीकृत गर्ने,

(ग) सेवा दलको तालिम सञ्चालन सम्बन्धमा आवश्यक अन्य नीतिगत विषयमा निर्णय गर्ने।

(३) समितिको बैठक कम्तीमा वर्षको एक पटक र आवश्यकता अनुसार जुनसुकै बखत बस्न सक्नेछ।

(४) समितिको बैठक तथा अन्य विषय सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>महानिर्देशकको नियुक्ति:</u> (१) सेवा दलको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न प्रधान सेनापतिको सिफारिसमा अवकाशप्राप्त उपरथी मध्येबाट एक जनालाई नेपाल सरकारले महानिर्देशकमा नियुक्ति गर्नेछ।

(२) महानिर्देशकको पदावधि दुई वर्षको हुनेछ।

(३) उपनियम (२) को अधीनमा रही महानिर्देशक साठी बर्षको उमेरसम्म आफ्नो पदमा बहाल रहनेछ।

(४) महानिर्देशकको पारिश्रमिक, सेवा र सुविधा उपरथी सरह हुनेछ ।

९. <u>महानिर्देशकको पद रिक्त हुने अवस्था</u> : (१) देहायको अवस्थामा महानिर्देशकको पद रिक्त हुनेछः-

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर साठी वर्ष पूरा भएमा,

(ग) उपदफा (२) बमोजिम पदमुक्त भएमा,

(घ) निजको मृत्यु भएमा।

(२) प्रधान सेनापतिको सिफारिसमा नेपाल सरकारले देहायको अवस्थामा महानिर्देशकलाई पद मुक्त गर्नेछः-

(क) इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) पदीय आचरण पालना नगरेमा,

(घ) शारीरिक तथा मानसिक रूपले अक्षम भई कार्यसम्पादन गर्न असमर्थ भएमा।

(३) उपदफा (२) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

१०. <u>महानिर्देशकको काम, कर्तव्य र अधिकारः</u> महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सेवा दलको दैनिक प्रशासकीय कार्य सञ्चालन गर्ने,

(ख) सेवा दलको तालिम सञ्चालन सम्बन्धी वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी समिति समक्ष पेस गर्ने,

(ग) शिक्षण संस्थाको अनुगमन, नियन्त्रण र आवश्यक निर्देशन दिने,

(घ) सेवा दलमा कार्यरत जनशक्तिको वृत्ति विकास, तालिम तथा अन्य सुविधाका सम्बन्धमा योजना बनाउने र सोको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने,

(ङ) आफ्नो मातहतका निर्देशक तथा शिक्षालय प्रमुखको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्ने, गराउने,

(च) सेवा दलबाट तालिमप्राप्त जनशक्तिको तथ्याङ्क राख्ने र नियमित रूपमा अद्यावधिक गर्ने,

(छ) सेवा दलको तालिमको पाठ्यक्रम समय-सापेक्ष सुधार गर्न आवश्यक कार्य गर्ने,

(ज) सेवा दलको तालिम प्रयोजनको लागि शैक्षिक संस्थासँग समन्वय र सहकार्य गर्ने

(झ) सेवा दलको सुदृढीकरण सम्बन्धी भावी रणनीति तथा योजना तयार गर्ने,

(ञ) समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(ट) समितिले तोके बमोजिमका अन्य कार्य गर्ने।

११. <u>तालिमको तह र योग्यताः</u> (१) सेवा दलमा देहायबमोजिमका तालिमको तह रहनेछन्

(क) जुनियर डिभिजन तह,

(ख) सिनियर डिभिजन तह ।

(२) जुनियर डिभिजन तहको तालिममा सहभागी हुनको लागि विद्यालयको कक्षा आठदेखि दशसम्म अध्ययनरत विद्यार्थी हुनुपर्नेछ ।

(३) सिनियर डिभिजन तहको तालिममा सहभागी हुनको लागि विद्यालयको कक्षा एघार र बाह्रमा अध्ययनरत विद्यार्थी हुनुपर्नेछ ।



नेपाल सरकार
रक्षा मन्त्रालय

(४) सेवा दलको जुनियर डिभिजन तालिममा छनोट गर्दा तेह्र वर्ष उमेर पूरा भई अठार वर्ष ननाघेको र सिनियर डिभिजन तालिममा छनोट गर्दा सोह्र वर्ष उमेर पूरा भई एक्काइस वर्ष ननाघेको हुनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम तालिममा सहभागी हुनुपूर्व सम्बन्धित विद्यार्थीको अभिभावक र विद्यालयको तर्फबाट समितिले तोकेको ढाँचामा कवुलियतनामा पेस गर्नुपर्नेछ ।

(६) यस दफाबमोजिमको तालिममा छनोट हुन स्वास्थ्य परीक्षणको मापदण्ड समितिले तोकेबमोजिम हुनेछ।

(७) यस दफाबमोजिम छनोट भएका क्याडेटले तालिम सुरु हुनुभन्दा अगाडि समितिले तोकेको ढाँचामा शपथ लिनु पर्ने ।

१२. <u>विद्यालय छनोट गर्ने आधार:</u> (१) सेवा दलले तालिम सञ्चालन गर्ने प्रयोजनको लागि विद्यालयको छनोट गर्दा नेपाली सेनाको सम्बन्धित निकाय, शिक्षा समन्वय निकाय र स्थानीय तहका निकायसँग समन्वय गरी छनोट गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम विद्यालय छनोट गर्दा दुर्गम, सीमान्तकृत तथा सुरक्षा संवेदनशील क्षेत्रमा रहेका विद्यालयलाई प्राथमिकता दिइनेछ।

(३) उपदफा (२) को अतिरिक्त सेवा दलले स्थानीय तहको माग र आवश्यकताका आधारमा समेत विद्यालय छनोट गर्न सक्नेछ।

(४) विद्यालय छनोट गर्ने अन्य आधार समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१३. <u>तालिम सञ्चालनको विधि:</u> (१) सेवा दलको क्याडेटलाई दुई चरणमा गरी सय दिनको तालिम दिइनेछ।

(२) तालिम सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) क्याडेटलाई तालिम सम्पन्न भएपश्चात् प्रमाणपत्र प्रदान गरिनेछ।

१४. <u>सेवा दलको तालिमबाट हटाउन सकिने:</u> (१) शिक्षालय प्रमुखले देहायको कुनै अवस्थामा क्याडेटलाई तालिमबाट हटाउन सक्नेछ:-

(क) निश्चित अवधिको लागि भर्ना गरिएकोमा सो अवधि समाप्त भएमा,

(ख) सम्बन्धित विद्यालयको विद्यार्थी नरहेमा,

(ग) दफा १७ बमोजिमको अनुशासन उल्लङ्घन गरेमा,

(घ) तालिम गर्नको लागि शारीरिक तथा मानसिक रूपमा अक्षम भएको चिकित्सकबाट प्रमाणित भएमा,

(ङ) प्रचलित कानूनबमोजिम फौजदारी कसुरमा संलग्न भई अनुसन्धान तथा तहकिकातको प्रक्रिया सुरु भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तालिमबाट हटाउनु अघि क्याडेटलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ।

१५. <u>तालिमबाट अलग हुन सक्ने:</u> (१) क्याडेटले विशेष कारण देखाइ तालिमबाट अलग हुन चाहेमा सो सम्बन्धी व्यहोरा खुलाई शिक्षालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन मनासिव र औचित्यपूर्ण देखिएमा शिक्षालय प्रमुखले तालिमबाट अलग हुन अनुमति दिन सक्नेछ।



नेपाल सरकार

१६. <u>विशेष परिस्थितिमा तालिम प्रदान गर्न वा खटाउन सकिने</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा नेपाल सरकारको निर्णय बमोजिम जुनसुकै नेपाली नागरिकलाई सेवा दलको तालिम प्रदान गर्न सकिनेछ ।

(२) सेवा दलको तालिमप्राप्त व्यक्तिलाई नेपाल सरकारले विशेष परिस्थितिमा स्वयं सेवकका रुपमा खटाउन सक्नेछ।

१७. <u>अनुशासन सम्बन्धी मापदण्ड पूरा गर्नु पर्ने</u>: तालिममा सहभागी क्याडेटले समितिले निर्धारण गरेको अनुशासन सम्बन्धी मापदण्ड पूरा गर्नुपर्नेछ ।

१८. <u>नेशनल क्याडेट कोर (एनसिसि) अल्मुनाई एशोसियन नेपालको गठन</u>: (१) समितिले सेवा दलको तालिम पूरा गरेका इच्छुक क्याडेटलाई प्रचलित कानून बमोजिम अल्मुनाई गठन गर्न स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएका अल्मुनाईलाई विपद् व्यवस्थापन सामाजिक कार्यमा स्वयंसेवकको रुपमा तथा राष्ट्रिय आवश्यकताका आधारमा अन्य कार्यमा खटाउन सकिनेछ।

१९. <u>बजेट व्यवस्थापन</u>: सेवा दललाई आवश्यक पर्ने बजेट नेपाल सरकारले उपलब्ध गराउनेछ।

२०. <u>लेखा र लेखापरीक्षण</u>: (१) सेवा दलको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) सेवा दलको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालय र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

२१. <u>सजाय सम्बन्धी व्यवस्था:</u> सेवा दलको उद्देश्य विपरीत कार्य गर्ने सेवा दलमा कार्यरत बहालवाला तथा अवकाश प्राप्त सैनिक व्यक्तिको हकमा सैनिक ऐन बमोजिम तथा अन्य व्यक्तिको हकमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२२. <u>पुरस्कृत गर्न सकिने:</u> सेवा दल अन्तर्गत प्रशंसनीय काम गर्ने प्रशिक्षक, कर्मचारी तथा क्याडेटलाई महानिर्देशकको सिफारिसमा समितिले तोके बमोजिम पुरस्कृत गर्न सकिनेछ।

२३. <u>समन्वय गर्ने:</u> सेवा दलले यस ऐन बमोजिम तालिम सञ्चालन गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय गर्नसक्नेछ।

२४. <u>सहयोग उपलब्ध गराउनु पर्ने</u>: (१) सेवा दलले यस ऐनको कार्यान्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराई दिन नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतका निकायमा सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोग माग भई आएमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नुपर्नेछ।

२५. <u>पोसाक सम्बन्धी व्यवस्था:</u> (१) सेवा दलको महानिर्देशक, करारमा नियुक्त प्रशिक्षक तथा क्याडेटले समारोह, कार्यक्रम, उत्सव तथा फिल्डमा नेपाली सेनाले तोके बमोजिम पोसाक लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पोसाक नेपाली सेनाले उपलब्ध गराउनेछ ।

नेपाल सरकार

२६. रासनः तालिममा सहभागी क्याडेटलाई समितिले तोके बमोजिम रासन उपलब्ध गराइनेछ।

२७. आवास तथा बीमा: (१) तालिममा सहभागी हुने क्याडेटलाई आवश्यकता अनुसार नेपाली सेनाले आवासको व्यवस्था गरिनेछ।

(२) तालिममा सहभागी हुने क्याडेटको लागि समितिले तोके बमोजिम बीमाको व्यवस्था गरिनेछ।

२८. निर्देशन दिन सक्ने: मन्त्रालयले सेवा दललाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

२९. वार्षिक प्रतिवेदन पेश गर्ने: सेवा दलले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम कारबाहीको प्रगति विवरण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नेपाली सेनामार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

३०. कार्यविधि बनाउने अधिकार: (१) समितिको स्वीकृतिमा सेवा दलले यस ऐन बमोजिमको तालिम सञ्चालन गर्न आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि सेवा दलको वेभसाइटमा राखी सार्वजनिक गर्नु पर्नेछ।

३१. खारेजी र बचाउ: (१) राष्ट्रिय सेवा दल ऐन, २०२७ खारेज गरिएको छ।

(२) राष्ट्रिय सेवा दल ऐन, २०२७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार